## लम्कीचुहा नगरपालिकाको नगरसभाको तेह्रौ अधिवेशनमा प्रस्तुत
## आ.व. २०८१/०८२ को बजेट

**नगरसभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१. सर्वप्रथम, लम्कीचुहा नगरपालिकाको नगरसभाको **तेह्रौ** अधिवेशनको **दोस्रो बैठकमा** हार्दिक स्वागत गर्दछु । लम्कीचुहा नगरपालिकाको यस सम्मानित नगरसभा समक्ष आगामी आ.व. २०८१।०८२ को बार्षिक बजेट अनुमान प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

२. स्थानीय सरकार जनताको सन्निकट सरकार भएकाले यसका लक्ष्य, गन्तव्य तथा उदेश्यहरु पनि नागरिकको जनजीवन र जनजीविकासंग प्रत्यक्ष जोडिएका हुन्छन । नगरपालिकाको समग्र सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी, गुणस्तरिय र जवाफदेही बनाउँदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नती हासिल गर्नु हामी सबैको साझा संकल्प रहेको छ । यो चुनौती र अवसरलाई गम्भिरतापूर्वक लिदै आगामी आथिक वर्ष २०८१।०८२ को बजेट हामीले निर्वाचनमा जनतासंग गरेका प्रतिबद्दता पुरा गर्ने र हाम्रो नगर हामी आफै बनाउँछौ भन्ने अभियानमा आम नगरवासीको साथ, समर्थन, एकता र सहयोग कायम राखिराख्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा विशेष सचेत एवम् सतर्क छु ।

३. यस नगरको सुख, शान्ती, गौरव, गरिमा र समुन्नती हासिल गर्नका लागि हाम्रा प्रयास, प्राथमिकता र प्रतिबद्दताहरु के-कस्ता नीति तथा कार्यक्रम मार्फत निर्देशित रहनेछन भन्ने कुरा हामीले यस गरिमामय सभाको मिति २०८१ जेठ २१ गतेको सम्मानित नगरसभा अधिवेशनबाट स्वीकृत गरि कार्यक्रम तथा बजेट तर्जुमाका आधार तथा प्राथमिकताहरुलाई अनुमोदन गरिसकेका छौँ । नीति तथा कार्यक्रममा अवलम्बन गर्ने भनिएका हाम्रा विकास प्रयासहरुलाई हासिल गर्ने प्रमुख औजारका रुपमा रहने कार्यक्रम योजनागत बजेटलाई सहि गन्तव्यतर्फ दिशानिर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेको छु ।

### आ.व .२०८१।०८२ को बजेट निर्माणका मुख्य उदेश्यहरु

क. पूर्वाधार विकास र विस्तार गर्ने,
ख. आर्थिक वृद्दी र रोजगारी सिर्जना गर्ने,
ग. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
घ. नगरको पहिचान स्थापित हुने खालका गौरवका योजनाहरुको निरन्तरता दिने,
ङ. कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण गर्ने,
च. सुरक्षित, गुणस्तरिय पर्यटन सेवाको विस्तार गर्ने,
छ. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा गुणस्तरीय सेवाको अभिवृद्दी गर्ने,
ज. आधुनिक र व्यवस्थित शहरीकरण गर्ने,
झ. सार्वजनिक सेवाको सुदृढीकरण गर्ने,
ञ. लक्षित वर्गका मानिसहरुको जीवनस्तरमा गुणात्मक सुधार गर्ने,
ट. वन तथा वातावरण संरक्षण र सम्बर्द्दन गर्ने,

ठ. ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने,
ड. क्रमागत योजनाहरुलाई प्राथमिकतामा राख्ने,
ढ. रोजगारिका कार्यक्रमहरुलाई विशेष जोड दिने,

**आ.व. २०८१।०८२ को बजेटको उद्देश्य हासिल गर्न देहाय अनुसारका नीतिगत कार्यक्रमगत, र प्रक्रियागत प्राथमिकता निर्धारण गरिएको छ ।**

क. आर्थिक विकास र गरिबी न्यूनिकरणमा योगदान पुर्याउने
ख. निजी, सहकारी, समुदायसंग साझेदारी गर्ने
ग. राजश्व परिचालनमा योगदान पुर्याउने
घ. सेवा प्रवाह, संस्थागत विकास र सुशासनको प्रभावकारिता वृद्दी गर्ने
ङ. जनसहभागिता मार्फत स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्ने
च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्दी गर्ने,
छ. जलवायु परिवर्तन अनुकुल र न्यूनिकरण, वातावरण संरक्षण, विपद व्यवस्थापनको माध्यमबाट दिगो विकासमा योगदान पुर्याउने,
ज. लम्कीचुहा नगर क्षेत्रका सांस्कृतिहरुको संरक्षण र सम्बर्दन गर्ने,
झ. विगतमा संचालनमा आएका अधुरा योजनाहरु पुरा गर्ने,
ञ. न्यायिक समितिलाई प्रभावकारी बनाउने ।

**नगरसभाका अध्यक्ष महोदय,**
**नगर सभाका सदस्यज्यूहरु,**

४. बजेट भनेको कुनै निश्चित वर्ष वा अवधिका लागि लक्ष्य, गन्तव्य, प्राथमिकता, प्रतिबद्दता, नीति, कार्यनीति सहित वित्तीय स्रोतको सुनिश्चितता पनि हो । मैले यो बजेट तर्जुमा गर्दै गर्दा हाम्रो आय बमोजिम कुशल व्यय हुने गरि यस नगरको समृद्दीतर्फको भविष्य र जनताको विकास प्राप्तिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्दान्तलाई आत्मसाथ गरेको छु । नगर अर्थतन्त्रको थप पुँजी निर्माण हुने खर्च र पुजीगत प्राप्ती तर्फ लक्षित आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

**५.** नगर कार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८१।०८२ को आय र व्ययको अनुमान स्वीकृतिको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व गत आ.व.को यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय-व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानीत नगरसभा समक्ष पेश गरेको छु ।**नगरसभाका अध्यक्ष महोदय**

**नगर सभाका सदस्यज्यूहरु**

अव म चालु आ.व. २०८०।०८१ को जेठ मसान्तसम्मको यथार्थ आय-व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

६. आ.व. २०८०।०८१ को लागि प्रक्षेपित कुल आय १ अर्ब ७ करोड ५० लाख ८२ हजार २ सय ४४ रुपैया मध्ये ९६ करोड ६९ लाख १ हजार ६ सय २५ रुपैया प्राप्त भएको देखिन्छ। जसमध्ये आन्तरिक स्रोतबाट १४ करोड ६३ लाख २३ हजार २ सय ४४ रुपैया र बाह्य स्रोत (अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजश्व बाडफाँड) बाट ८२ करोड ५ लाख ७८ हजार ३ सय ८१ रुपैया रहेको छ।

७. यस्तै गरि चालु आ.व. २०८०।०८१ को कुल खर्च (व्यय) गत जेठ मसान्तसम्म रु ८६ करोड ४६ लाख ४५ हजार ३ सय ३१ रुपैया रहेको छ जुन कुल अनुमानित खर्चको ६१.९३ प्रतिशत हुन आउन्छ। यसैगरि कुल खर्च मध्ये चालु खर्च रु ५० करोड १९ लाख ६२ हजार ९ सय १ रुपैया र पुँजीगत खर्च २९ करोड २६ लाख ८२ हजार ४ सय ३० रुपैया रहेको छ। चालु खर्चमा सामाजिक सुरक्षा तर्फको रकम समावेश गरिएको छैन

**नगरसभाका अध्यक्ष महोदय**
**नगर सभाका सदस्यज्यूहरु**
अब म आगामी आर्थिक वर्षका लागि प्रस्तावित राजश्व र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु।

८. यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ का लागि कुल आय १ अर्ब १० करोड ६६ लाख ११ हजार हुने अनुमान गरिएको छ भने कुल खर्च तर्फ चालु खर्च ७० करोड ३९ लाख १ हजार रहेको छ भने पुँजीगत तर्फ ४० करोड २६ लाख ४० हजार रहेको छ। कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छ।

**आयतर्फ**

क. आन्तरिक आय: रु २४ करोड ५४ लाख ५९ हजार
ख. राजश्व बाँडफाँड: १८ करोड ३५ लाख ५१ हजार
ग. समानिकरण अनुदान (नेपाल सरकार): १८ करोड ३० लाख
घ. समानिकरण अनुदान (प्रदेश सरकार) : १ करोड ७५ लाख ९० हजार
ङ. सशर्त अनुदान नेपाल सरकार : ४३ करोड ५३ लाख ४१ हजार
च. सशर्त अनुदान प्रदेश सरकार : १ करोड १३ लाख ७० हजार
छ. विशेष अनुदान नेपाल सरकार : १ करोड १० लाख
ज. विशेष अनुदान प्रदेश सरकार : २५ लाख
झ. समपुरक अनुदान प्रदेश सरकार : १ करोड ६८ लाख
ञ. कुल जम्मा आय- १ अर्ब १० करोड ६६ लाख ११ हजार

**व्ययतर्फ**

क. चालु खर्च : ७० करोड ३९ लाख १ हजार

ख. पुँजीगत खर्च : ४० करोड २६ लाख ४० हजार

ग. कुल जम्मा : १ अर्ब १० करोड ६६ लाख ११ हजार

९. उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरि विनियोजन गरिको छु । यसले गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट सन्तुलित बजेटको सिद्दान्त अनुसार आ.व. २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित नगरसभालाई जानकारी गराएको छु ।

१०. क्षेत्रगत कार्यक्रम तर्फ आर्थिक विकास तर्फ कुल बजेट मध्ये १ करोड ८५ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको १.६८ प्रतिशत हो । यसैगरि सामाजिक विकास तर्फ कुल बजेटमध्ये १४ करोड ४० लाख मात्र विनियोज गरेको छु, जुन कुल बजेटको १३.०५ प्रतिशत हो । यसैगरि पूर्वाधार विकास तर्फ कुल बजेटमध्ये ३८ करोड ७५ लाख ४० हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ३५.२५ प्रतिशत हो । यसैगरि सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल बजेटमध्ये २० लाख विनियोजन गरेको छु, जुन कुल बजेटको ०.९० प्रतिशत हो यसैगरि कार्यालय संचालन तथा शशर्त चालु तर्फ कुल बजेटको ५४ करोड ३५ लाख ७१ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ४९.१२ प्रतिशत हो ।

११. आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि शीर्षकगत तथा योजनागत व्यय विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुने गरि विनियोजन गरेको छु ।

१२. खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भैसके पश्चात सार्वजनिक गरिने छ । व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, सेवा सुविधा र नगरपालिकाले दिएको सेवा सुविधा सोही सरह कायम हुने गरि यस नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा प्रशासनिक खर्चको शिर्षकमा तलब भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु । विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाईने, करारमा कार्यरत कर्मचारीहरुको पुनरावलोकन गरि प्रशासनिक खर्च भार घटाउने र खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरि आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**नगरसभाका अध्यक्ष महोदय**
**नगर सभाका सदस्यज्यूहरु**

१३. अब म लम्कीचुहा नगरपालिकाको आ.व. २०८१।०८२ का लागि शर्षिकगत रुपमा विनियोजन गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

क. लम्कीचुहा नगरपालिका अन्तर्गतको भल्का अस्पताल र स्वास्थ्य क्षेत्र तर्फ रु ४ करोड विनियोजन गरेको छु ।

ख. गुणस्तरीय शिक्षामा सबैको पहुँच कायम गरी शिक्षित समाज निर्माण गर्नका लागि शिक्षा तर्फ रु ८ करोड विनियोजन गरेको छु।

ग. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरि किसानहरुको जीवनस्तरमा परिवर्तन गर्नका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु।

घ. पशु सेवा शाखा व्यवस्थापन तथा पशु स्वास्थ्यको अवस्थालाई मध्यनजर रु ३० लाख विनियोजन गरेको छु।

ङ. महिला बालबालिका तथा जेष्ठ नागरिकको प्रभावकारी व्यवस्थापनका लागि रु २५ लाख विनियोजन गरेको छु।

च. न्याय सम्पादन तथा निरोपण र न्यायमा आम नागरिकको पहुँच स्थापित गर्नका लागि रु ३५ लाख विनियोजन गरेको छु।

छ. भूमिहिन दलित भूमिहिन सुकुम्बासी अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन तथा लम्कीचुहा नगर क्षेत्रभित्रको भू वर्गिकरण गर्नका लागि रु ५० लाख विनियोजन गरेको छु।

ज. लम्कीचुहा नगरपालिका वडा नं. २ स्थित भल्का अस्पतालको भवन निर्माणको लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु।

झ. लम्कीचुहा नगरपालिका वडा नं ९ को वडा कार्यालय भवन निर्माणको लागि रु ४० लाख विनियोजन गरेको छु।

ञ. सार्वजनिक सेवा प्रवाहमा चुस्तता कायम गरी एकल स्थानबाट प्रशासनिक सेवा प्रवाह गर्न लम्कीचुहा नगरपालिका भवनको प्रशासकीय भवन निर्माणको लागि रु ६० लाख विनियोजन गरेको छु।

ट. नगर प्रहरीको कार्यसम्पादन अभिवृद्धि गर्नुका साथै आम नागरिकको स्वास्थ्य सेवा सृढीकरणक गर्नको लागि गाडी एम्बुलेन्स र पोष्ट मार्टम भ्यान खरिद गर्नका लागि १ करोड विनियोजन गरेको छु।

ठ. लम्कीचुहा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकि तथा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि रु १० लाख विनियोजन गरेको छु।

ड. विपन्न नागरिकहरुको आधारभुत आवश्यकताको रुपमा रहेको आवास कार्यक्रम विस्तारका लागि नगर प्रमुख आवास कार्यक्रम अन्तर्गत रु १ करोड विनियोजन गरेको छु।

ढ. लम्कीचुहा नगरपालिकाका सम्पुर्ण वडाबासीको स्वास्थ्य अवस्थालाई मध्येनजर गर्दै स्वस्थ्य जीवन यापनका लागि खुला जिम र सेराजिम मेसिन खरिदका लागि एकमुष्ठ रु १ करोड विनियोजन गरेको छु।

ण. लम्कीचुहा नगरपालिका वडा नं. १ मा रिठाई ताल पर्यटकिय स्थलको निर्माण तथा व्यवस्थापनका लागि रु ५० लाख विनियोजन गरेको छु।

त. लम्कीचुहा नगरपालिका अन्तर्गतका अधुरा तथा नयाँ सडक कालोपत्रेका लागि रु २ करोड विनियोजन गरेको छु।

थ. लम्कीचुहा नगरपालिकाका प्रवेशविन्दु रहेका स्थान चुहा अमौरी र चिसापानिमा स्वागत गेट निर्माणका लागि रु ६० लाख विनियोजन गरेको छु ।

द. निर्माणाधिन अवस्थामा रहेको नगर गौरवको आयोजना मोहनलाल नगरउद्यानको EIA गरी निर्माण कार्यलाई पूर्णता दिनका लागि EIA तयार गर्न रु २० लाख विनियोजन गरेको छु ।

ध. सुरक्षा अवस्थालाई मध्यनजर गर्दै नगरका विभिन्न क्षेत्रमा हुने अपराधिक क्रियाकलाप नियन्त्रण गर्नको लागि हाइमस्ट लाईट तथा सि.सि. क्यामेरा जडानका लागि रु ६० लाख विनियोजन गरेको छु ।

न. लम्की टिकापुर सडक खण्डमा सडक बत्ति जडान गरी नगरको सौन्दर्यता अभिवृद्धि गर्नका लागि रु १ करोड ५६ लाख विनियोजन गरेको छु ।

ऩ. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्थालाई मध्येनजर गर्दै दलित उत्थान कार्यक्रम तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि सहयोगी सामान खरिद गर्न रु १० लाख विनियोजन गरेको छु ।

१४.उल्लेखित आय र व्ययको प्रस्तुतीकरणमा चालु आर्थिक वर्षको आय र व्ययको अनुमान भन्दा आगामी आर्थिक वर्ष (२०८१।०८२) को आय र व्ययको अनुमान रकम ३ करोड २२ लाख ३१ हजार रुपैयाले बढी भएको छ साथै नगरपालिकामा कार्यान्वयन हुने तर आय-व्यय (बजेट) पुस्तिकामा समावेश नभएको अनुमानित बजेट रकमको विवरण निम्न बमोजिम रहने व्यहोरा समेत यस सम्मानित नगरसभा समक्ष सादर जानकारी गराएको छु ।

क. सामाजिक सुरक्षा अनुमानित रकम रु. ३२ करोड
ख. सडक बोर्ड नेपाल अनुमानित बजेट रु ७० लाख
ग. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत रु ५० लाख
घ. लम्कीचुहा नगरपालिकभित्र कार्यक्षेत्र रहेका संघ संस्थाहरुको बजेट रकम रु. १ करोड

१५.नेपालको संविधानले हामीलाई सुम्पिएका दायित्वहरु र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णय बाट आगामी आ.व. २०८१।०८२ का लागि योजना तथा बजेट तय गरि यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु । प्राथमिकता प्राप्त कार्यक्रम अनुसार बजेट तयार गरेको छु । कार्यक्रम तयार गर्दा हाम्रा नीतिहरुलाई मुल आधारको रुपमा लिएको छु । साधन स्रोतको सिमितताले गर्दा उल्लिखित नीतिहरु र नगरबासीहरुले माग गरि पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेटले सम्बोधन गर्न नसक्ने हुँदा त्यस्ता कार्यक्रमलाई पछि प्रकाशित हुने रातो किताबमा **'योजना बैंक'**का रुपमा प्रकाशित गरि क्रमश: लागु गर्दै जाने प्रतिवद्धता समेत सम्मानित नगरसभा समक्ष प्रेषित गरेको छु।

१६.अव म सम्मानित नगरसभा समक्ष माथि पेश गरेको लम्कीचुहा नगरपालिकाको गत आर्थिक वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८१।०८२ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभामा घनिभुत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु । साथै, आगामी आर्थिक वर्ष २०८१।०८२ को प्रस्तावित आर्थिक विधेयक २०८१ (आ.व. २०८१।०८२) का लागि प्रस्ताव

गरिएको करका दररेटको अनुमान सहितको जम्मा आय रु २४ करोड ५४ लाख ५९ हजार  र विनियोजन विधेयक २०८१ (आ.व. २०८१।०८२) का लागि प्रस्ताव गरियोस् भनि प्रस्ताव गरेको छु । साथै, यस लम्कीचुहा नगरपालिकाको कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१) छलफल गरि पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु।

१७.उल्लेखित नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितिय त्रुटिहरु हुन सक्छन। यसको लागि सम्मानित नगरसभा समक्ष क्षमायाचना गर्दै यदि यसो हुन गएमा सच्याउनका लागि नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमति मागेको छु । साथै आगामी आर्थिक वर्ष २०८१।०८२ को योजना तथा बजेट स्वीकृतीको लागि पेश गरेको छु। नगरपालिकाको गत आर्थिक वर्ष २०८०।०८१ को यथार्थ आय र व्यय, आगामी आर्थिक वर्ष २०८१।०८२ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गरेको छु।

१८.नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा सुझाव दिनुहुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त ब्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। बजेटको सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनु हुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत शाखाका प्रमुखहरु तथा प्रतिनिधिहरु, करदाता, उद्यमी, ब्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, हामीले अघि सारेका बजेटका प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम प्रबुद्ध वर्गहरु, आम नगरबासी, मतदाता, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगर कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई साझेदारी र सहकार्यका लागि हार्दिक अनुरोध र अपिल समेत गर्दछु।

धन्यवाद।